Sanjen Jalavidhyut Company Limited

Unaudited Statement of Financial Position

As on 31th Chaitra 2081 (Corresponding to 13th April 2025)

(Figure in '000')

Particulars	This Quarter Ending 2081.12.31 (2025.04.13)	Previous Quarter Ending 2081.09.29 (2025.01.13)*	Corresponding Previous Quarter Ending 2080.12.30 (2024.04.12)*
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment	12,721,547.96	12,728,911.02	3,495,875.91
Project Capital Work in Progress	-	-	8,849,513.31
Total Non-Current Assets	**12,721,547.96**	**12,728,911.02**	**12,345,389.22**
Current Assets			
Inventories	108,735.36	104,844.59	1,932.53
Prepayments	6,146.41	5,321.78	1,067.19
Financial Assets:			
Advances to Contractors and Consultants	55,365.45	57,486.75	85,635.26
Deposits and Margin	2,823.92	1,569.50	2,178.21
Current Tax Assets	12,190.73	12,118.15	11,266.67
Term Deposits with Banks	270.00	270.00	100,270.00
Electricity Sales Receivables	189,690.96	135,365.38	37,320.60
Other Financial Asssets(Advances)	54,460.38	78,053.41	51,193.63
Bank Balances Call and Current	42,074.82	46,503.03	64,156.39
Total Current Assets	**471,758.03**	**441,532.59**	**355,020.48**
TOTAL ASSETS	**13,193,305.99**	**13,170,443.61**	**12,700,409.70**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	3,650,000.00	3,650,000.00	3,650,000.00
Accumulated Profit (Loss)			

	(638,716.46)	(537,753.51)	(354,185.52)
Total Equity	**3,011,283.54**	**3,112,246.49**	**3,295,814.48**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities:			
Borrowings(EPF Long Term)	9,255,078.12	9,411,450.86	8,733,886.84
Other Liabilities (Retention)	251,391.63	261,684.25	249,159.00
Total Non-Current Liabilities	**9,506,469.75**	**9,673,135.11**	**8,983,045.84**
Current Liabilities			
Provisions	14,400.75	2,166.80	10,262.76
Financial Liabilities:			
Borrowings(Short Term)	630,000.00	330,000.00	340,000.00
Other Financial Liabilities and Payables	31,151.95	52,895.22	71,286.62
Total Current Liabilities	**675,552.70**	**385,062.02**	**421,549.38**
TOTAL EQUITY AND LIABILITIES	**13,193,305.99**	**13,170,443.61**	**12,700,409.70**

* Restated due to Capitalization

Sanjen Jalavidhyut Company Limited
Unaudited Statement of Profit or Loss

From 1st Srawan 2081 to 31th Chaitra 2081 (Corresponding 17th April 2025 to 13th April 2025)

(Figure in '000')

Particulars	FY 2081/82 Upto Chaitra (2024.25)	FY 2081.82 Upto Poush (2024.25)	FY 2080.81 Upto Chaitra (2023.24)
Revenue			
Sales of Electricity	477,350.51	201,630.01	123,901.08
Cost of Sales			
Direct Costs	(64,247.39)	(38,096.40)	(26,371.03)
Royalty	(16,454.80)	(10,924.95)	(3,956.88)
Gross Profit	**396,648.32**	**152,608.66**	**93,573.17**
Employee Benefits	(13,466.65)	(9,613.08)	(13,190.31)
Operating and Administrative Expenses	(20,367.12)	(12,471.35)	(16,294.90)
Depreciation and Amortization	(240,084.70)	(100,280.69)	(69,307.31)
Profit From Operation	**122,729.85**	**30,243.54**	**(5,219.35)**
Other income	3,633.92	3.52	3,629.00
Finance income	948.88	676.68	1,289.91
Finance Cost(Interest)	(366,580.08)	(168,527.96)	(111,052.37)
Exchange Gain / (loss)	(3,600.74)	(4,301.00)	(1,724.61)
Profit Before Bonus and Tax	**(242,868.17)**	**(141,905.22)**	**(113,077.42)**
Provision for Bonus	-	-	-
Income Taxes	-	-	-
Net Profit	(242,868.17)	(141,905.22)	(113,077.42)

साञ्जेन जलविद्युत कम्पनी लि.
SNJEN JALAVIDHYUT CO.LTD.
ESTD2010

अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०८१/०८२ को तेश्रो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तिय सूचकहरू:**

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रु (८.८७), प्रतिशेयर नेटवर्थ रु (८२.५०) र प्रतिशेयर कुल सम्पतिको मुल्य रु ३६१.४६ रहेको छ ।

यस त्रैमासिक अवधिमा सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को समेत परीक्षण उत्पादन समाप्त भएपश्चात् ब्यापारिक उत्पादन मिति २०८१ पुष १ गतेदेखि शुरु भई नियमित विद्युत बिक्री आम्दानी भइरहेको छ । नेपाल विद्युत प्राधिकरणवाट निर्माणाधिन चिलिमे त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न भएकोले दुबै आयोजनावाट उत्पादित विद्युत शक्ति सोही प्रशारण लाइनवाट प्रवाह भइरहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे वा) को लट २ र लट ४ कार्यको TOC दिइ Defect Notification Period मिति डिसेम्बर २०, २०२४ देखि समाप्त भएको छ भने लट ३ कार्यको निर्धारित चिलिमे त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न नभएकोले December 9,2024 देखि Defect Notification Period शुरु भएको छ ।

(ख)सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को लट २ सिभिल लट ३ इलेक्ट्रोमेकानिकल र लट ४ हाइड्रोमेकानिकल कार्यको TOC दिइ Defect Notification Period मिति डिसेम्बर १६, २०२४ देखि शुरु भएको छ ।

(ग) यस आ.व. को दोस्रो त्रैमासिक विवरणको तुलनामा यस तेश्रो त्रैमासिक अवधिमा पूँजीकरण गरिएका कारण स्थिर सम्पत्ति (Property Plant and Equipment) शिर्षकमा समायोजनका कारण केही न्युन हुन गएको छ ।

(घ) दुवै पावरप्लान्टहरु सञ्चालनमा आइसकेको सन्दर्भमा आवश्यकतानुसार जगेडापार्टस् पुर्जाहरुको व्यवस्था गर्नु परको हुँदा गत आ.व. को यसै अवधिमा प्रकाशन गरिएको वासलातमा देखाइएको मौज्दात (Inventories) शिर्षकमा भन्दा यस आ.व. मा देखाइएको उल्लेखित शिर्षकमा उल्यख्य मात्रामा रकम बृद्धि हुन गएको छ ।

(ङ) Electricity sales Receivables मा गत आ.व. मा सान्जेन (माथिल्लो) बाट उत्पादित विद्युत शक्ति विक्री गरिएको मासिक विल मात्र देखाइएकोमा यस आ.व. मा दुईवटै आयोजनाको मासिक विल समावेश भएकोले प्राप्य रकम उल्लेख्य मात्रामा बृद्धि हुन गएको छ ।

(च) यस आ.व. को दोस्रो त्रैमासिक अवधिमा कर्मचारीको सञ्चित विदा वापतको भुक्तानी दिनु पर्ने रकमलाई अन्य दायित्वमा देखाइएकोमा यस त्रैमासमा भने उक्त रकमलाई व्यवस्थाहरु शिर्षकमा देखाइएको छ ।

(छ) गत आ.व. मा सान्जेन (माथिल्लो) जलविद्युत केन्द्रबाट मात्र उत्पादन भएकोमा यस आ.व. मा भने २०८१/०९/०१ देखि दुबै आयोजनाबाट विद्युत शक्ति उत्पादन भै आपूर्ति गरिए बमोजिम हुने आयलाई बिक्री शिर्षकमा लेखांकन हुँदा यस शिर्षकको रकम वृद्धि हुन गएको छ ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD2010

(ज) प्रत्यक्ष खर्च (Direct Costs) अन्तर्गत गत आ.व. को दोस्रो त्रैमासिक अवधिसम्म सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको खर्च मात्र पूँजीकरण गरिएकोमा यस आ.व. को मंसिर मसान्तसम्मको खर्चलाई पूँजीकरण गरी दुवै पावरप्लान्ट सञ्चालन खर्चलाई प्रत्यक्ष खर्च शिर्षकमा लेखांकन गरिएकोले खर्च रकम उल्लेख्य मात्रामा बृद्धि हुन गएको देखिन्छ ।

(झ) यस त्रैमासिक अवधिमा सान्जेन (४२.५ मे.वा.) जलविद्युत आयोजनाको ह्रास खर्च र व्याज समेत थप हुँन जाँदा नाफा/नोक्सानमा पनि सोही अनुसार प्रभाव पर्न गएको छ ।

(ञ) गत आ.व मा सबै व्याज खर्चहरुलाई पूँजिकरण गरिएकोमा यस अवधिमा भने पूँजिकरण गरिएपश्चात्‌को व्याज खर्चलाई समेत नाफा/(नोक्शान) हिसावमा समावेश गरिएकोले व्याज खर्च उल्लेख्य मात्रामा वृद्धि हुन गएको छ ।

(ट) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको व्याज बाहेकको शुरु लागत अनुमान रु. ५ अर्व २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्व २१ करोड ८० लाख गरी कुल रु. ७ अर्व २४ करोड २२ लाख (बैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । तर आयोजना निर्माणको चरणमा भुकम्पन, नाकावन्दी, कोरोना, बाढि पहिरो, कानुनी झंझट लगायतका विविध कारणले आयोजनाको निर्माण अवधि लम्विदै जाँदा निर्माण अवधिको व्याज, विदेशी मुद्राको सटही दरमा भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन जस्ता कारणबाट आयोजना लागत पनि सोही अनुसार बृद्धि हुन गएको छ ।

(ठ) आयोजना निर्माणका लागि ऋण सम्झौता बमोजिम लिइएको ऋण तथा व्याजको पहिलो किस्ता मिति २०८१ चैत्र मसान्त देखि रकम रु ३४ करोड ७८ लाख २४ हजार फिर्ता भुक्तानी शुरु गरिसकिएको छ ।

३.कानुनी कारवाही सम्वन्धी विवरण :

यस सम्वन्धमा कुनै कैफियत नभएको ।

४.संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :

(क) सेयरको वजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

सेयरको अधिकतम् मूल्य (रू.)	सेयरको न्यूनतम् मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३८५/-	३२३/-	३१९/९७	५६	१३८७७

५.समस्या र चुनौती :

आयोजना निर्माणको चरणमा विभिन्न वाधा अवरोध आइपरेको हुँदा यसको असर आयोजना लागतमा देखिएको छ । फलतः कर्मचारी सञ्चय कोषबाट साँवा रकम थप गर्नु पर्नाका साथै व्याज पूँजीकरण हुदै जाँदा निर्माण लागत मध्येको ऋण पूँजीको आकार वृद्धि हुदै गएको छ । यस्तो पूँजीकृत ऋण रकम साथै व्याज समेतको किस्ता भुक्तानी गर्नु पर्ने साथै शेयरधनीहरुलाइ प्रतिफल समेत दिनु पर्ने भएकोले वित्तिय व्यवस्थापन गर्नु कम्पनीको लागि मुख्य चुनौतिको रुपमा देखिएको छ ।

उल्लेखित समस्यालाइ केही हदसम्म सम्वोधन गर्ने प्रयास स्वरुप कर्जा रिपेमेन्ट अवधि र व्याजदरलाई समय सापेक्ष पूनरावलोकन गरिदिन कर्मचारी सञ्चय कोषलाइ अनुरोध गरिएकोमा ऋणको व्याजदर ८.२५ प्रतिशत कायम भएको छ भने हाल कर्जा भुक्तानी अवधि पूर्व सम्झौता बमोजिम नै अवधि १० वर्ष कायम गरी ४० किस्तामा ऋण भुक्तानी गर्ने योजना बमोजिम पहिलो किस्ता साँवा र व्याज २०८१ चैत्रबाट शुरु भैसकिएको छ ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD2010

६.संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुटै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मकोलागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७. अन्य:

(क) कर्मचारी सञ्चय कोषबाट दिर्घकालिन ऋणपुँजी लगानी भएको छ । उक्त कर्जाको परिमार्जित वार्षिक व्याज दर हाल ८.२५ प्रतिशत रहेको छ । दिर्घकालीन कर्जाको व्याज प्रत्येक तीन/तीन महिनामा पूँजीकरण गर्ने गरिएको थियो । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म व्याज पूँजीकरण हुँदै आएकोमा दुवै आयोजनाहरुबाट व्यापारिक उत्पादन शुरु भएकोले सोही अवधिदेखि लागू हुने गरी व्याजलाई नाफा नोक्सान खातामा समावेश गरिएको छ । कम्पनीको अल्पकालिन वित्तिय व्यवस्थापन स्वरुप यस कम्पनीको मुख्य लगानीकर्ता श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रु. ६३ करोड अल्पकालिन सापटी स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ जसको लेखांकन अल्पकालिन ऋण अन्तर्गत वासलातमा देखाइएको छ ।

विगतमा झेल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरु भुकम्प, वाढी पहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतीमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ, भुकम्प, कोभिड-१९,सीमा अवरोध लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुन ढिलाइ भएतापनि हाल आयोजनाहरु सम्पन्न भइ सञ्चालनमा रहेका छन् ।

उल्लेखित जलविद्युत आयोजनाहरुबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार यूनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री हुँदै आएको छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिक खर्चहरुको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको व्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने व्याज भुक्तानि गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । दुवै जलविद्युत आयोजनाबाट व्यापारिक उत्पादन शुरु भइसकेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि बढाइने छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने ।

७.प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD2010